# फालेलुङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## थोक्लिम्बा, पाँचथर

पत्र संख्या : २०७८।०७९
चलानी नम्बर :०४

मिति : २०७९।०४।०१
१ नं. प्रदेश, नेपाल

## रोजगार सहायक तथा प्राविधिक सहायक करारमा पदपूर्ति सम्बन्धी सूचना ।

**(प्रथम पटक प्रकाशित मितिः२०७९/०४/०१)**

प्रस्तुत विषयमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) को मिति २०७९/०३/२५ को पत्रानुसार यस फालेलुङ गाउँपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक तथा रोजगार सहायक पद करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेका रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ ।

| क्र.स | विज्ञापन नं | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | १-२०७९/०८० | रोजगार सहायक | स्थानिय सेवाको पाँचौ तह सरह | १ |
| २ | २-२०७९/०८० | प्राविधिक सहायक | स्थानिय सेवाको पाँचौ तह सरह | १ |

१) आवश्यक न्यूनतम योग्यता र अनुभवः-

(क) रोजगार सहायकको लागि नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा प्रवीणता प्रमाण पत्र तह वा सो सरह उतीर्ण गरेको तथा प्राविधिक सहायकको लागि सिभिल इन्जिनियरीङमा प्रवीणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उतीर्ण भएको ।

(ख) अनुभव र सीपः प्राविधिक सहायक तथा रोजगार सहायकहरुमा देहायका अनुभव र सीप आवश्यक पर्नेछः-

- कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्यूटर सीप भएको,
- प्राविधिक सहायकको हकमा पूर्वधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको ।

(ग) उमेरः- कम्तीमा १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको

२) दरखास्त दिने स्थानः- फालेलुङ गाउँ कार्पालिकाको कार्यालय ।

३) दरखास्त दिने अन्तिम मितिः-२०७९।०४।१५ कार्यालय खुल्ने समय सम्म, सो दिन विदा भए अर्को कार्यालय खुलेको दिन सम्म ।

४) दरखास्त दस्तुर बुझाउने स्थानः-प्राइम कमर्सियल बैंकमा रहेको फालेलुङ आन्तरिक राजश्व खाता नं ०७३००३१२CA मा बुझाई सो को सक्कलै रसिद दरखास्त साथ पेश गर्नु पर्ने छ ।

५) आवेदनको दस्तुरः- रकम रु. ५०० (अक्षरेपि रकम रु पाँच सय मात्र ।)

६) छनौटको किसिमः- प्रारम्भिक योग्ताक्रमको सूची प्रकाशन र लिखित परीक्षा

७) आवेदन साथ संलग्न कागजातहरुः- आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजतको प्रतिलिपिहरु

(क) नागरिकता (ख) न्युनतम योग्यताको लब्धांक प्रमाणपत्र (ग) चारित्रिक प्रमाण पत्र

(घ) अनुभव खुल्ने कागजात (ङ) २ प्रति पासपोट आकारको फोटो

८)सेवा सुविधाः -गाउँपालिकामा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी दफा (१३) र (१४) बमोजिम हुनेछ ।

९) यस सम्बन्धमा थप जानकारीको लागि सम्पर्क नम्बर :- ९८५२६८४०२२ (सुचना प्रविधि अधिकृत), ९८५२६८४१०४ (प्रमुख प्रशासकीय अधिकृत) तथा प्रधानमन्त्री रोजगार कार्यक्रमको WWW.PMEP.GOV.NP बाट प्राप्त गर्न सकिने छ ।

०७९/०४/०१

सुमन सुवेदी

नि.प्रमुख प्रशासकीय अधिकृत